नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भाद्र ६ गते २०२३ साल

श्री ५ को सरकार

भूमिसुधार कृषि तथा खाद्य मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको " भूमिसम्बन्धी (दोस्रो संशोधन) नियमहरू, २०२३" सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ ।

भूमिसम्बन्धी (दोस्रो संशोधन) नियमहरू २०२३

भूमिसम्बन्धी नियमहरू, २०२१ (यसपछि "मूल नियमावली" भनिएको) मा संशोधन गर्नु वाञ्छनीय भएकोले,

भूमिसम्बन्धी ऐन, २०२१ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "भूमिसम्बन्धी (दोस्रो संशोधन) नियमहरू, २०२३" रहेको छ :–

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रकाशित गरिएपछि मात्र लागु हुनेछ।

959

२. मूल नियमावलीको नियम २ मा संशोधनः– मूल नियमावलीको नियम २ को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छः–

(छ) "सहकारी संस्था" भन्नाले सहकारी संस्था ऐन २०१६ अन्तर्गत रजिष्टर भएको मध्ये श्री ५ को सरकारबाट तोकिएको सहकारी संस्था सम्झनु पर्छ ।

३. मूल नियमावलीको नियम १० मा संशोधनः–मूल नियमावलीको नियम १० को उप–नियम (४) मा रहेको "त्यसको लिखित सूचना सम्बन्धित जग्गावाला र मोहीलाई समेत पठाउने छ" भन्ने वाक्यांशको सट्टा "त्यसको लिखित सूचना सम्बन्धित जिल्ला भूमिसुधार अधिकारी, सम्बन्धित जग्गावाला र मोहीलाई समेत पठाउनु पर्छ" भन्ने वाक्यांश राखिएको छ ।

४. मूल नियमावलीको निमय १३ मा संशोधनः– मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छः–

१३. जग्गाको मोल कायम गर्नेः– (१) ऐनको दफा ९ को उप–दफा (४) को प्रयोजनको निमित्त जग्गाको मोल कायम गर्दा नियम २१ अनुसार तोकिएको दरले कायम गरिने छ ।

(२) ऐनको दफा २१ क. को प्रयोजनको निमित्त जग्गाको मोल कायम गर्दा नियम २१ अनुसार तोकिएको दरले त्यस्तो बिक्री वितरण हुने जग्गाको मोल कायम गरिने छ ।

(३) ऐनको दफा २७ को उप–दफा (१) को प्रयोजनको निमित्त जग्गाको मोल कायम गर्दा स्थानीय प्रचलित मोलबमोजिम कायम गरिने छ ।

५. मूल नियमावलीको नियम २३ मा संशोधनः– मूल नियमावलीको नियम २३ को उप-नियम (१) मा रहेको "ऐनको दफा १५ बमोजिम प्राप्त भएको" भन्ने वाक्यांशको सट्टा "ऐनको दफा १५ बमोजिम प्राप्त भएको र ऐनबमोजिम जफत भएको" भन्ने वाक्यांश राखिएको छ ।

६. मूल नियमावलीको नियम २४ मा संशोधनः–मूल नियमावलीको नियम २४ को उप–नियम (१) मा रहेको "ऐनको दफा २१ बमोजिम" भन्ने वाक्यांशको सट्टा "ऐनको दफा २१ र २१ क. बमोजिम" भन्ने वाक्यांश राखिएको छ ।

७. मूल नियमावलीको नियम २५ मा संशोधनः– मूल नियमावलीको नियम २५ को सट्टा देहायका नियम २५ राखिएको छ :–

"२५. अदालत र अधिकारी तोक्नेः– (१) ऐनको दफा ३१ क. को प्रयोजनको निमित्त अदालतमा विशेष अदालतलाई तोकिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) ऐनको दफा ३८ को उप–दफा (१) को प्रयोजनको निमित्त अदालतमा जिल्ला अदालतलाई तोकिएको छ ।

(३) ऐनको दफा ३८ को उप–दफा (२) उप–दफा (३क.) र उप–दफा (४) को प्रयोजनको निमित्त अधिकारीमा जिल्ला भूमि सुधार अधिकारीलाई तोकिएको छ ।

८. मूल नियमावलीको नियम २६ पछि २६ क. थप:– मूल नियमावलीको नियम २६ पछि देहायको नियम २६ क. थपिएको छ :–

"२६क. अनिवार्य बचतलाई नगदीमा परिणत गर्ने:– ऐनको दफा ४१ को उप–दफा (२) को प्रयोजनको निमित्त वार्ड समितिले जिन्सी अनिवार्य " बचतलाई नगदीमा परिणत गर्दा नियम २८ को उप–नियम (४) अनुसार गर्नेछ ।

९.क. मूल नियमावलीको नियम २८ मा संशोधन:– मूल नियमावलीको नियम २८ को सट्टा देहायको नियम २८ राखिएको छ:–

२८. बचत रकमको जिम्मा र लगानी:– (१) वार्ड समितिमा जम्मा भएको नगदी र जिन्सी बचत रकमको छुट्टाछुट्टै हिसाब वार्ड समितिले दुरुस्त गरी राख्नु–पर्छ ।

(२) वार्ड समितिले जिन्सी बचत रकमलाई कुनै प्रकारले हानि नोक्सानी नहुने गरी सुरक्षित राख्नुपर्छ । नगदी बचत रकमको हकमा रू. ५००।– (पांचसय) वा सोभन्दा घटी रकमसम्म वार्ड समितिले आफ्नो साथमा राख्न पाउने छ । रू. ५००।– (पांच सय) भन्दा बढी रकमलाई वार्ड समितिले सहकारी संस्था भएको ठाउँमा सो संस्थामा, त्यस्तो संस्था नभएको ठाउँमा बैङ्कमा र दुवै नभएको ठाउँमा माल अड्डा वा जिल्ला पञ्चायत कार्यालय वा जिल्ला भूमिसुधार अफिसमा एक छुट्टै खाता खोली जम्मा गर्नुपर्छ :

(३) वार्ड समितिले बचत रकमलाई श्री ५ को सरकारको निर्देशानुसार सम्बन्धी व्यक्तिलाई व्याजसहित फिर्ता भुक्तानी गर्ने वा यो नियमहरू अनुसार किसानहरूलाई ऋण दिने काममा लगाउनु पर्छ र त्यसबाट पनि कुनै रकम बचत हुन आएमा सो रकमलाई वार्ड समितिले श्री ५ को सरकारको निर्देशानुसार निम्नलिखित प्राथमिकताको आधारमा देहायको काममा लगाउन सक्ने छ । बचतको रकम दुरुपयोग वा हिनामिना भएमा वार्ड समितिका सबै सदस्यहरू सामुहिक तथा व्यक्तिगत रूपले जवाफदेही हुनेछन्:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) श्री ५ को सरकारले तोकेबमोजिम खोलिएको उपभोक्ता भण्डार खोल्नमा लगानी गर्ने,

(ख) एउटै गाउँ पञ्चायतको इलाकाभित्रका अर्को वार्डका किसानहरूलाई सम्बन्धित वार्ड मार्फत् कृषि ऋण दिने, यस प्रकार दिएको ऋण सम्बन्धित वार्डले वार्षिक सयकडा १० का दरले ब्याजसहित फिर्ता बुझाउनुपर्ने छ ।

(ग) श्री ५ को सरकारबाट निष्काशित ऋणपत्र वा श्री ५ को सरकारले तोकेको शर्तबमोजिम विकास योजनामा लगानी हुने पूँजीको शेयर वा ष्टक खरीद गर्ने,

(४) वार्ड समितिले श्री ५ को सरकारबाट गठित जिल्ला मोल निर्धारण समितिबाट श्री ५ को सरकारको स्वीकृति लिई निर्धारण गरेको भाउमा जिन्सी बचतलाई नगदीमा परिणत गर्न सक्ने छ । जिल्ला मोल निर्धारण समितिले कुनै सालको निमित्त खाद्यान्न वा अरू नगदी बालीको मोल निर्धारण गर्दा सो सालको सम्बन्धित बाली कटनी हुँदा स्थानीय प्रचलित दरलाई आधार मानी निर्धारण गर्ने छ ।

१०. मूल नियमावलीको नियम २८ पछि नियम २८ क. र २८ ख. थप्ने:– मूल नियमावलीको नियम २८ पछि देहायको नियम २८ क. र २८ ख. थपिएको छ:–

२८क. जिल्ला बचत समिति:– (१) प्रत्येक जिल्ला मा एक जिल्ला बचत समिति गठन गरिने छ र सो समितिमा श्री ५ को सरकारले तोकेका व्यक्तिहरू रहने छन् ।

(२) वार्ड समितिले आफूकहां जम्मा हुन आएको नगदी र जिन्सी बचत रकम मध्ये नियम २८ को उप–नियम (३) बमोजिम आवश्यक पर्ने रकम कटाई बांकी रकमलाई जिल्ला बचत समितिछेउ जम्मा गर्नुपर्छ ।

(३) जिल्ला बचत समितिले आफू कहां जम्मा हुन आएको बचत रकम-मध्ये जिन्सी बचत रकमलाई नियम २८ को उप–नियम (४) बमोजिम निर्धारण गरिएको भाउमा नगदीमा परिणत गर्नुपर्छ र नगदी रकमको हकमा रू. ५००।– वा सो भन्दा घटीसम्म आफ्नो साथमा राख्न सक्ने छ । रू. ५००।– भन्दा बढी रकमलाई जिल्ला बचत समितिले बैङ्क नजिक भएको ठाउँमा बैङ्कमा र बैङ्क नजिक नभएको ठाउँमा माल अड्डामा एक छुट्टै खाता खोली जम्मा गर्नुपर्छ जिल्ला बचत सामितिको जिम्मा रहेको बचत रकम हिना मिना वा दुरुपयोग भएमा सो समितिको सबै सदस्यहरू सामुहिक तथा व्यक्तिगत रूपले जवाफदेही हुनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) जिल्ला बचत समितिमा जम्मा भएको रकमलाई सो समितिले श्री ५ को सरकारबाट समय समयमा दिइएका निर्देशनहरूका अधीनमा रही निम्नलिखित प्राथमिकताको आधारमा देहायको काममा लगाउन सक्ने छः–

(क) जिल्लाभित्रको कृषि विकास कार्यक्रमको लागि लगानी गर्ने,

(ख) जिल्लाभित्र कृषि उत्पादनमा वृद्धि हुने वा ग्रामीण विकास हुने कामहरूमा व्यक्तिगत वा सामुहिक लगानीको लागि ऋण दिन ,

(ग) जिल्लाभित्र कृषि उद्योग स्थापना गर्नको लागि ऋण दिन,

(५) उप–नियम (४)बमोजिम दिइएको ऋणमावार्षिक सयकडा १० का दरले ब्याज लिइने छ र त्यस्तो ऋण दिंदा जिल्ला बचत समितिले आवश्यक देखेको शर्तहरू तोक्न सक्ने छ ।

(६) जिल्ला बचत समितिको लगानी गरेको रुपैयांको वार्षिक सयकडा दशका दरले ब्याजसहित सम्बन्धी वार्ड समितिलाई फिर्ता भुक्तानी गर्नेछ ।

(७) जिल्ला बचत समितिले आफ्नो आन्तरिक काम सुचारू रूपले चलाउन कार्यविधि अपनाउन सक्ने छ ।

२८ख. केन्द्रीय बचत समितिः– (१) श्री ५ को सरकारले केन्द्रीयस्तरमा केन्द्रीय बचत समिति (यसपछि "समिति" भनिएको) गठन गर्नेछ र सो समितिमा श्री ५ को सरकारले तोकेका व्यक्तिहरू रहने छन् ।

(२) प्रत्येक जिल्ला बचत समितिले नियम २८(क.) अनुसार आफू कहां जम्मा हुन आएको बचत रकम मध्ये सोही नियम अनुसार खर्च तथा लगानी भई बांकी रहन आएको बचत रकमको सूचना केन्द्रीय बचत समितिलाई दिनु पर्छ ।

(३) केन्द्रीय बचत समितिले श्री ५ को सरकारको स्वीकृति लिई कुनै जिल्ला बचत समितिमा उप–नियम(२) अनुसार मौज्दात रहेको बचत रकमलाई अर्को जिल्लामा कृषि ऋणको निमित्त र देहायको कामको लागि लगानी गर्न सक्ने छः–

(क) कृषि उद्योग खोल्नमा, र

(ख) कृषि विकास कार्यक्रममा लगानी गर्नमा ।

(४) उप–नियम(३)बमोजिम केन्द्रीय बचत समितिले कुनै जिल्ला बचत समितिबाट लिई अर्को जिल्लामा लगानी गरेको रकमलाई अर्को साल वार्षिक सयकडा १० का दरले ब्याजसहित सो जिल्ला बचत समितिलाई फिर्ता भुक्तानी गर्ने गराउने छ । तर त्यसरी लगानी गर्दा लाग्ने बैंकिंग र अन्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

खर्च जुन जिल्लामा लगानी गरिएको छ सोही जिल्लाको जिल्ला समितिले व्यहोर्नु पर्छ ।

(५) केन्द्रीय बचत समितिले आफ्नो आन्तरिक काम सुचारु रूपले चलाउन कार्यविधि बनाउन सक्ने छ ।

११. मूल नियमावलीको नियम ३५ मा संशोधनः– मूल नियमावलीको नियम ३५ को उप–नियम (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :–

तर आगामी मुख्य उब्जनी बालीको कटनी हुंदा कुनै किसानले कुनै कारणवश ऋण फिर्ता भुक्तानी गर्न सक्ने अवस्थामा नभएमा र जिल्ला भूमिसुधार अधिकारीले मुनासिब देखेमा श्री ५ को सरकारको स्वीकृति लिई त्यस्ता किसानको ऋण फिर्ता भुक्तानी गर्न आवश्यक थप म्याद दिन सक्ने छ ।

१२. मूल नियमावलीको नियम ३८ मा संशोधनः– मूल नियमावलीको नियम ३८ को सट्टा देहायको नियम ३८ राखिएको छः–

३८. वार्ड समितिका सदस्यहरूलाई पारिश्रमिकः– वार्ड समितिबाट लगानी भएको ऋणको व्याजबाट प्राप्त भएको रकम मध्ये अनिवार्य बचत रकमको संरक्षण र सञ्चालनको निमित्त आवश्यक मसलन्द र अरू रकममा सयकडा १०।– भन्दा नबढाई खर्च गरी बांकी रहन आएको रकमको ४० प्रतिशत वार्ड समितिका सदस्यहरूले दामासाहीको हिसाबले पारिश्रमिक स्वरूप पाउने छन् ।

१३. मूल नियमावलीको नियम ३९ पछि नियम ३९ क. थपः– मूल नियमावलीको नियम ३९ पछि देहायको नियम ३९ (क) र ३९ (ख) थपिएको छः–

३९क. वार्ड समितिको काम सहकारी संस्थाले गर्नेः– (१) परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि यस परिच्छेदबमोजिम बचत जम्मा गर्ने, त्यसको संरक्षण र सञ्चालन गर्ने र कृषि ऋण दिने तात्पर्यको लागि सहकारी संस्था गठन भएको गाउं वा नगर पञ्चायत क्षेत्रभित्र यी नियमहरूबमोजिम वार्ड समितिले गर्नुपर्ने सबै काम सो सहकारी संस्थाले गर्ने छ र त्यस्तो सहकारी संस्थाको काम, कर्तव्य, अधिकार र दायित्व वार्ड समितिलाई भए सरहक हुने छ ।

(२) उप–नियम (१) बमोजिम कुनै गाउं वा नगर पञ्चायत क्षेत्रभित्र सहकारी संस्था गठन भएपछि वार्ड समितिले आफू छेउ जम्मा रहेको नगदी जिन्सी सबै रकम र त्यस्तो हिसाब किताब र सम्बन्धित अरू कागजपत्रहरू सहकारी संस्थालाई हस्तान्तरण गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यी नियमहरूमा लेखिए बाहेक अरू कुरामा सहकारी संस्थाले आफ्नो नियम तथा बिनियम अनुसार काम गर्न सक्ने छ ।

३९ख. संस्थान गठन भएमा संस्थानले गर्नेः– (१) यी नियमहरूमा जेसुकै लेखिएको भए तापनि यस परिच्छेदबमोजिम बचत लगानी गर्ने तात्पर्यको लागि संस्थान ऐन, २०२१ बमोजिम संस्थान गठन भएपछि सो सम्बन्धित सबै काम सोही संस्थानले गर्ने गरी श्री ५ को सरकारले सुम्पन सक्ने छ र त्यस्तो संस्थानको काम, कर्तव्य, अधिकार र दायित्व जिल्ला बचत समिति र केन्द्रीय बचत समितिलाई भए सरहको हुने छ ।

(२) उप–नियम (१) बमोजिम संस्थान गठन भएपछि जिल्ला बचत समिति र केन्द्रीय बचत समितिले आफू छेउ जम्मा रहेको सबै रकम र त्यस सम्बन्धित सबै कागजात संस्थानलाई हस्तान्तरण गर्नुपर्छ ।

(३) यी नियमहरूमा लेखिएको बाहेक अरू कुरामा संस्थानले संस्थान ऐन तथा सो अन्तर्गतका विनियम अनुसार काम गर्न सक्ने छ ।

१४. मूल नियमावलीको नियम ४० मा संशोधनः– मूल नियमावलीको नियम ४० को सट्टा देहायको नियम ४० राखिएको छः–

४०. अदालत तोक्नेः– (१) ऐनको दफा ५४ को प्रयोजनको निमित्त अदालतमा विशेष अदालतलाई तोकिएको छ ।

(२) ऐनको दफा ५८ को प्रयोजनको निमित्त अदालतमा विशेष अदालतलाई तोकिएको छ ।

१५. मूल नियमावलीको अनुसूची १० मा संशोधनः– मूल नियमावलीको अनुसूची १० मा "नगदी बाली बापत" भन्ने कालम पछि अर्को कालम थपी सो थप कालममा "नगदी बालीको निर्धारित मोलको दर" भन्ने शब्दहरू राखिएको छ ।

आज्ञाले–
कृष्णबम मल्ल
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

भूमिसुधार, कृषि तथा खाद्य मन्त्रालयको

सूचना

प्रादेशिक विकास योजनाहरू (कार्यान्वित) गर्ने ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित जग्गालाई विकास क्षेत्र घोषित गरेकोछः–

भेरी अञ्चल, इलाका नेपालगञ्जको खजुरामा–पूर्वमा ठूलो खजुरा गाउँ, सानो खजुरा गाउँ र मधेश गाउँहरूको आवादी, पश्चिममा नदी, हवाइ मैदान र थपुवा गाउँको आवादी, उत्तरमा गडही, वनकटवा, दक्षिणमा नेपाल भारत सीमाना यति ४ किल्लाभित्रको जग्गामा नेपाल पुनर्वास कम्पनी प्रा. लि. बाट पुनर्वास योजना सञ्चालन गर्ने गराउने गरी विकास क्षेत्र घोषित गरेकोले सर्वसाधारणको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले–

कृष्णबम मल्ल

श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।